# सुन्दरबजार नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# सुन्दरबजार, लमजुङ
### प्रदेश नं ४, नेपाल
## ईन्जिनियर (करार) आवश्यक्ता सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०७४/०४/२७)

यस सुन्दरबजार नगपालिकाको आ.व. ०७४/०७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नगरपालिकाबाट नियमित रुपमा सम्पादन गर्नु पर्ने घर नक्सा पास एवं प्राविधिक रुपमा सम्पादन गर्नु पर्ने कार्यका लागि नगरपालिकाको स्वीकृत दरवन्दी बमोजिम रिक्त रहेको ईन्जिनियर पद-१ नेपाल सरकार एवं जिल्ला स्थित बिषयगत निकायहरुबाट समायोजन भै नआएसम्म (समायोजन भै आएमा स्वत करार समाप्त हुने गरी) नगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही तपशिल बमोजिमको योग्यता पुगेको नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र नगरपालिका कार्यालयमा लोक सेवा आयोगबाट निर्धारित ढाँचामा दरखास्त आह्वान गरिएको छ।

**<u>तपसिल</u>**

१. पद/ तह :- ईन्जिनियर/जनरल (सिभिल)/ प्राविधिक अधिकृत (छैठौ स्तर)।

२. सेवा :- करार।

३. उमेर :-दरखास्त पेश गर्ने म्यादको अन्तिम दिनमा २१ बर्ष पुरा भै ३५ बर्ष ननाघेको( महिला आवेदकको हकमा ४० बर्ष ननाघेको )।

४. न्युनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त विश्वविधालयबाट सिभिल ईन्जिनियरिङमा स्नातक वा सो सरह उर्तिण भै नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएको। विदेशी शैक्षिक योग्यताको हकमा समकक्षताको प्रमाणपत्र भएको

५. तलव तथा सुविधा :- नगरपालिकाको नियमानुसार।

६. छनौटको किसिम :- अन्तर्वाता।

७. अनुभव :- सम्बन्धित काममा कम्तिमा २ बर्षको अनुभव भएकोलाइ बिशेष प्राथमिकता।

८. दस्तुर :- नगरपालिकाको नियमानुसार।

९. दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरु :-

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

ख. एस.एल.सी. र सो देखी माथिका शैक्षिक/ चारित्रिक प्रमाणपत्र तथा लब्धाङ्क प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु।

ग. नेपाल ईन्जिनियरिङ परिषदमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

घ. कार्य अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

ङ. समकक्षता निर्धारण भएकोमा सो को प्रमाणित प्रतिलिपी।

१०. अन्य :- नेपालको प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि अयोग्य नभएको।

११. अन्तर्वाताको मिति :- कार्यालयको सूचना पाटिमा पछि प्रकाशित गरिने।